का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ भदौ २०८०,
सोमबार
21 August 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २०७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## संसद खोल्न मध्यमार्गी प्रस्ताव

नेताहरुका अनुसार, एमाले सुन तस्करी प्रकरण अनुसन्धानलाई प्रभावित नगरी छुट्टै उच्चस्तरीय संयन्त्र बनाउन तयार भएको छ। सिआइबीको जारी अनुसन्धानलाई असर नपर्ने सुनिश्चिततामा छलफल गर्न सत्तापक्ष पनि तयार भएको छ। यस्तो मध्यमार्गी प्रस्तावमा सहमतिको प्रयास जारी छ।



संसदमा जारी गतिरोध अन्त्य गर्नका लागि आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आह्वानमा बसेको संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलका नेताहरुको सर्वदलीय बैठक ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

आइतबार संसदमा जारी गतिरोध अन्त्य गर्नका लागि आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलका नेताहरुको सर्वदलीय बैठक राखेका थिए ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली अनुपस्थित भए । ओली नै अनुपस्थित भएपछि बैठक सोमबार लागि पुनः बस्नेगरी स्थगित भएको छ ।

तथापि, छलफलपछि नेताहरुले अब संसद »» पृष्ठ २ मा

## राष्ट्रपतिले बोलाए सर्वदलीय बैठक

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका शीर्ष नेतालाई छलफलका लागि बोलाएका छन् । मंगलबार बिहान साढे ८ बजे शीतलनिवासमा बोलाइएको उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

उनका अनुसार समसामयिक विषयमा छलफल गर्न राष्ट्रपति पौडेलले बैठक बोलाएका हुन् । राष्ट्रपति पौडेलले संसदको गतिरोधप्रति सुरुदेखि नै चासो राख्दै आएका छन् । यसअघि पनि उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग कुराकानी गरेका थिए । राष्ट्रपति पौडेलले आइतबार मात्रै संसदको चौथो ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसँग पनि भेटवार्ता गरेका थिए ।

## एमालेले दिएको संकेत

नेकपा एमालेले सदनको अवरोध खुलाउन मध्यमार्गी प्रस्ताव राखेको छ । नेताहरुका अनुसार एमाले सुन तस्करी प्रकरण अनुसन्धानलाई प्रभावित नगरी छुट्टै उच्चस्तरीय संयन्त्र बनाउन तयार भएको छ। यही माग एमालेले शीर्ष तहको छलफलमा राखेको छ। आइतबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकपछि एमालेका प्रमुख सचेतक पदम गिरीले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीको अनुसन्धानलाई प्रभावित नपार्ने »» पृष्ठ २ मा

# सत्तारुढलाई रोक्न कृत्रिम कारण



आफ्ना सबै ज्येष्ठ सदस्यहरु अनुपस्थित गराएर एमालेले प्रदेशसभाको अध्यक्षता सत्ता गठबन्धनकै सांसदले गर्नुपर्ने परिस्थिति निर्माण गर्न लागेको छ । एमालेको रणनीतिमा राप्रपा पनि लाग्दा कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत पाउने सम्भावना फेरि पनि कमजोर बनेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

आज (सोमबार) कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिँदैछन् । थापाले विश्वासको मत पाए पनि नपाए पनि कोशी प्रदेश सभाको पाँच वर्षे कार्यकालमा स्थिरताको कुनै संकेत देखा परेको छैन । प्रमुख दुई दल नेकपा एमाले र नेपाली कांग्रेस नमिल्दासम्म स्थिरता नहुने बुझाईमा राष्ट्रिय प्रजातन्त्र पार्टी छ ।

यही बुझाईका साथ कोशी प्रदेश सभा भंग भए होओस् भन्ने मान्यताका आधारमा राप्रपाले मुख्यमन्त्री थापाले विश्वासको मत लिने अघिल्लो दिन नै आफ्ना सांसदलाई अनुपस्थित अनु आन्तरिक सर्कुलर गरेको छ ।

जेष्ठ सदस्यका रुपमा रहेका राप्रपाका दुई जना सांसदले अनुपस्थित हुने सूचना प्रदेश सभा सचिवालयलाई दिइसकेका छन् । राप्रपाका सांसदहरू अम्बरबहादुर विष्ट र गोपालबहादुर विश्वकर्माले 'घरायसी समस्या'मा परेको भन्दै सोमबारको प्रदेशसभा बैठकमा अनुपस्थित हुने जानकारी मौखिक रुपमा प्रदेश सभा सचिवालयलाई गराएका हुन् । राजनीतिक रुपमा अर्को कुनै उच्च समझदारी नभएको खण्डमा राप्रपाका अन्य सांसदहरु पन सोमबार थापाले विश्वासको मत लिने बैठकमा अनुपस्थित रहनेछन् ।

नेकपा एमालेका ६ सांसदल 'घरायसी समस्या' परेको बताएका छन् । एमालेकै एक जना सांसद विदेश भ्रमणमा छन् ।

यसरी घरायसी समस्या देखाएर बिदामा बस्ने सबै सांसदहरू ज्येष्ठ सदस्यहरु हुन् । गत साउन १६ गते मुख्यमन्त्री नियुक्त भएका थापाले सोमबार विश्वासको मत लिन प्रदेशसभाको बैठक आव्हान भएको छ । बैठकमा प्रदेशसभामा ज्येष्ठ सदस्य रहेका ६ जना सांसदहरू अनुपस्थित हुने भएपछि एमालेको रणनीति विश्वासको मत फेल गराउने रहेको कतिपयले बताएका छन् । एमालेको रणनीतिमा राप्रपा पनि लागेको छ । त्यस आधारमा राप्रपाका दुई सांसदले पनि 'घरायसी समस्या' परेको बताएका छन् ।

एमालेबाट निर्वाचित सांसद रहेकी हालकी उपसभामुख सिर्जना दनुवार प्रदेशसभा बैठकका अनुपस्थित हुने चर्चा चलिरहँदा उनी अनुपस्थित भएको खण्डमा ज्येष्ठ सदस्यहरूले बैठकको अध्यक्षता गर्नुपर्ने नियम छ । तर, आफ्ना सबै ज्येष्ठ सदस्यहरु अनुपस्थित गराएर एमालेले प्रदेशसभाको अध्यक्षता सत्ता गठबन्धनकै सांसदले गर्नुपर्ने परिस्थिति निर्माण गर्न लागेको हो ।

प्रदेश सभा सचिवालयका अनुसार बिदामा बसेका एमालेका सांसदहरूमा रोहितबहादुर कार्की, मालतीकुमारी लिम्बू, रामप्रसाद महतो, तारादेवी ढकाल, खड्गबहादुर बस्नेत, ज्ञानेन्द्र सुवेदी रहेका छन् । एमालेका सांसद ईश्वरचन्द्र दुलाल बिदा लिएर अमेरिका गएका छन् । प्रदेशसभामा सभामुख र उपसभामुखको नहुँदा ज्येष्ठ सदस्यले बैठक सञ्चालन गर्नुपर्ने »» पृष्ठ २ मा

**ललिता निवास जग्गा प्रकरण**

## मुद्दा दर्ताको म्याद घर्किंदै

बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा २०४९, ०६२, ०६६ र ०६९ सालमा चारपटक कागजात किर्ते भएको केन्द्रीय अनुसन्धान सिआइबीको निष्कर्ष छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ५५ दिनदेखि अनुसन्धान गरिरहेको छ ।

सिआइबीले जग्गा हिनामिना आरोपमा १८ जनालाई हिरासतमा राखेर संगठित किर्ते मुद्दामा अनुसन्धान गरिरहेको छ । संगठित किर्ते मुद्दामा आरोपितलाई पक्राउ गरेको ६० दिनभित्र अदालतमा मुद्दा दर्ता गर्नुपर्छ । आइतबार जिलला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाउने गरी तयारी गरे पनि प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएको छैन । यसको हुँदा मुद्दा दर्ताको म्यादमा परेको छ ।

सरकारले अधिग्रहण गरिसकेको १४७ रोपनी जग्गा माफियासँग मिलेर हिनामिना गरेको मुद्दा अदालतमा लै जान अब प्रहरी र सरकारी वकिलसँग चार दिनको समय छ । आइतबार ललिता निवासको अनुसन्धान प्रतिवेदन नआएको जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख अच्युतमणि न्यौपानेले बताए ।

अनुसन्धान प्रतिवेदन आएपछि अध्ययन गरेर शुक्रवार अदालतमा मुद्दा दर्ता गर्ने न्यौपानेले जानकारी दिए । केन्द्रीय अनुसन्धान ब्युरोका एक अधिकृतले आइतबार अनुसन्धान प्रतिवेदन बुझाउने सम्भावना नरहेको जानकारी दिए । ती अधिकृतका अनुसार 'तयारी अझै बाँकी छ ।'

बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा चारपटक कागजात किर्ते भएको केन्द्रीय अनुसन्धान ब्युरोको निष्कर्ष छ । २०४९, ०६२, ०६६ र ०६९ सालमा चारपटक सरकारी कागजात किर्ते गरेर बिचौलियाहरूले सरकारको नाममा रहेको जग्गा व्यक्तिको नाममा दर्ता गराएको सीआईबीको अध्ययनमा उल्लेख छ ।

अनुसन्धानको निष्कर्ष अनुसार शोभाकान्त ढकाल र रामकुमार सुवेदी समेतले योजनाबद्ध रूपमा कागजात किर्ते बनाएर तथा नक्कली मोही खडा गरेर १४७ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गराएका हुन् ।

सिआइबीले पूर्व प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईको बयान गरेको छैन । सर्वोच्च अदालतले ललिता निवास प्रकरणमा मन्त्रिपरिषद्ले गरेको चारवटा निर्णयमा संलग्नहरूलाई पनि अनुसन्धानको दायरामा ल्याउन आदेश गरेको छ । साउन २१ मा न्यायाधीश अनिलकुमार सिन्हा र डा. कुमार चुडालको इजलासले सो आदेश गरेपछि पूर्व प्रधानमन्त्री भट्टराई र नेपालमाथि पनि अनुसन्धान गर्ने बाटो खुलेको थियो ।

सर्वोच्च अदालतले ललिता निवास प्रकरणमा मन्त्रिपरिषद्ले गरेको चारवटा निर्णयमा संलग्नहरूलाई पनि अनुसन्धानको दायरामा ल्याउन आदेश गरेको छ। साउन २१ मा न्यायाधीश अनिलकुमार सिन्हा र डा।कुमार चुडालको इजलासले सो आदेश गरेपछि पूर्व प्रधानमन्त्री भट्टराई र नेपालमाथि पनि अनुसन्धान गर्ने बाटो खुलेको थियो ।

मन्त्रिपरिषद्ले २०६६ चैत २९, २०६७ वैशाख ३१, २०६७ साउन २८ र २०६९ असोज १८ मा गरेको निर्णयलाई गलत व्याख्या गरेर जग्गा हिनामिना भएको थियो । सर्वोच्चले मन्त्रिपरिषद्को निर्णय तथा प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष संलग्न हुनेलाई अनुसन्धानको दायरामा ल्याउन आदेश गरेको थियो ।

**वैदेशिक रोजगार विशेष**

## झापाकी कमला मुर्मु इराकमा तीन वर्षदेखि 'बन्धक'




**झापा/रासस–** अर्जुनधारा नगरपालिका-६ की ३० वर्षीया कमला मुर्मु इराकमा अज्ञात गिरोहको बन्धक बनेको जनाउँदै उनकी आमाले उद्धारका लागि अपिल गरेकी छन् । तीन वर्षअघि २०७७ भदौ १० गते वैदेशिक रोजगारीका क्रममा ओमान लाने भनेर कमलालाई मानव तस्करले »» पृष्ठ २ मा

## ताहाचलमा फेरि बिचौलिया सलबलाउँदै

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार कार्यालय ताहाचलमा फेरि बिचौलियाहरुले चहलपहल बढाउन थालेका छन् । आइतबार एक विज्ञप्ति जारी गर्दै विभागले सेवा लिन आउने सेवाग्राहीहरुको संख्या बढिरहेको भन्दै विभाग र कार्यालयमा कार्यरत कर्मचारीहरुले सेवाग्राहीहरुलाई सहज र सरलरुपमा सेवाप्रवाह गरिरहेको अवस्थामा अनधिकृत व्यक्तिहरु प्रवेश गरी अनावश्यक भिडभाड गर्दा सेवाग्राहीमा कठिनाइ परेको »» पृष्ठ २ मा

**मानिस हराएको सूचना**



**प्रा. डा. दलबहादुर अधिकारी**

गहुँगोरो, जन्मजात ओठ फाटेको, हल्का सेतो सर्ट, खरानी रङको सुरुवाल, कालो मोजा, चप्पल र ढाका टोपी लगाएको वर्ष ६८, तौल अन्दाजी ४८ के. जी., उचाई ५ फिट २ इन्च, बिर्सने रोग भएको प्रा. डा. दलबहादुर अधिकारी, यही साउन ३२ गते बिहान १०:४५ बजे बुढानिलकण्ठ, काठमाडौंबाट हराइरहेको हुँदा कहीकतै देख्नुहुने वा भेट्नुहुने महानुभावले तलको नम्बरमा वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनु बिनम्र अनुरोध गर्दछौं ।

९८४१४२४२६२, ९८४१५३२२४८ | १०० प्रहरी

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

**भावपूर्ण श्रद्धाञ्जली**

जन्म मिति:
वि.स. २००८/०४/०८



स्व. दुर्गा कुमारी भुसाल

स्वर्गारोहण:
वि.स. २०८०/०४/२५

यस प्रा.लि.का अध्यक्ष श्री भोजराज भुसालज्यूकी पुजनीय माता
**श्रीमती दुर्गा कुमारी भुसालज्यूको**
७२ वर्षको उमेरमा मिति २०८० श्रावण २५ गतेका दिन असामयिक निधन भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

हिरालाल गदेल
प्रबन्ध निर्देशक तथा
अलमाइटी इन्टरनेशनल मेनपावर सर्भिसेज प्रा.लि. परिवार
टोखा-७, बसुन्धारा चौकी टोल, काठमाडौं

मध्यान्ह
www.madhyanhadaily.com
४ भदौ २०८०, सोमबार
21 August 2023, Monday

# नाग पञ्चमी पर्व मनाइँदै



काठमाडौं/मस- श्रावण शुक्ल पञ्चमीका दिन प्रत्येक वर्ष मनाइने नाग पञ्चमी परम्पराअनुसार नागको पूजा गरी आज मनाइँदै छ।

नागका बाह्र नाम भएपनि आठ कूलका आठ वटा नागको पूजा गर्ने वैदिक सनातनकालदेखिको परम्परा छ। अनन्तः वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शंख गरी आठ नागलाई आजको दिन ब्राह्मण पुरोहितबाट पूजाआजा गरी घरको ढोकामाथि टाँसिन्छ। आजको दिन घरमा नाग टाँसेपछि खेतबारीमा खनजोत नगर्ने र नाग, सर्प लगायतका घिस्रने जनावरलाई मार्नु हुँदैन भन्ने मान्यता छ।

घरका मूलढोकामा नागको तस्वीर टाँसेर पूजा गर्दा वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायतका जीवले दुःख नदिनुका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास छ।

वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ। नाग रिसाए भने अनिष्ट हुने भएकाले नागलाई खुसी पार्न पूजा गर्ने परम्परा बसेको धर्मशास्त्रका जानकारहरु बताउँछन्। बिहानैदेखि काठमाडौंको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरी लगायत देशभरका नागदह, कुण्ड, र नाग स्थानमा विशेषरुपमा पूजा गरी नागको सम्मानका साथ गाईको दूध, अक्षता, दुबो, खीर र रोटी लगायतका परिकार चढाउने गरिन्छ।

वैज्ञानिक रुपमा प्रकृतिमा भएका विषालु पदार्थलाई नाग, सर्पलगायतका जीवले शोषण गरी मानवलगायत अन्य जातिलाई विषालु पदार्थको प्रभाव पर्न नदिने अनुसन्धानबाट पुष्टि गरेपछि ऋषिमुनिले नागजातिको पूजाआजा गर्ने गरिएको विश्वास रहि आएको छ।

# सिरहामा मनाइयो १७औं सूचना दिवस

**राम एकवाल राम/मध्यान्ह**
सिरहा, ३ भदौ




सिरहा पुस्तकालयको आयोजनामा १७ औं राष्ट्रिय सूचना दिवस मनाइएको छ।

'सूचना मागौं, भ्रष्टाचार अन्त्य गरौं' भन्ने नारासहित प्रभातफेरी र समुदाय जागरण अभियानअन्तर्गत सरोकारवालाको सहभागितामा अन्तरक्रिया कार्यक्रम गरी दिवस मनाइएको हो।

सिरहाको सदरमुकामस्थित शहीद राजेश ठाकुर पार्कदेखि निकालिएको परिक्रमा सिरहा बजारको पुस्तकालयमा पुगेर अन्तरक्रिया गरिएको थियो।

कार्यक्रममा मधेश प्रदेशका पूर्वराज्यमन्त्री सञ्जय कुमार यादव, प्रदेश सभा सदस्य जिवछी कुमारी यादव, सहायक प्रमुख जिल्ला अधिकारी आनन्दराज पौडेल, नेपाल प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बू लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो।

सो अवसरमा सूचनाको हकसम्बन्धी अभियानमा लागेका दुई जनालाई सम्मान समेत गरिएको छ। सूचनाको अभियान सफल बनाउन लामो समयदेखि लागेका पत्रकार बद्रीनारायण यादव र सूचना अभियन्ता परशुराम साहलाई खादा ओढाएर सम्मान गरिएको हो।

सिरहा पुस्तकालयका अध्यक्ष सुरेन्द्रकुमार कामतीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सूचनाको हकसम्बन्धीको कार्यपत्र सूचना अभियन्ता साहले प्रस्तुत गरेका थिए। ०६४ साउन ५ गते सूचनाको हकसम्बन्धी ऐन प्रमाणीकरण भइ भदौ ३ गतेदेखि लागू भएको थियो।

## संसद...

खुल्ने विश्वास व्यक्त गरेका छन्। प्रधानमन्त्री प्रचण्ड, प्रतिनिधि सभाको अवरोध खोल्ने विषयमा सकरात्मक छलफल भएको बताउँछन्।

आईतबार आफैले बोलाएको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरुको बैठकबाट बाहिरीदै गर्दा उनले छलफल सकरात्मक भएको र अब सोमबारको बैठकमा सहमति जुट्ने विश्वास व्यक्त गरे।

'बैठकमा छलफल सदनमा भएका राष्ट्रिय पार्टीका नेताहरुको बीचमा राम्रो भएको छ। प्रमुख प्रतिपक्ष दलको नेता अस्वस्थ भएकोले आउनुभएन फेरी बसेर समझदारी बनाउँने भन्ने भएको छ। छलफल सकारात्मक छ' प्रधानमन्त्री प्रचण्डले भनेका छन्।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि मंगलबारदेखि संसद बैठक खुल्ने विश्वास व्यक्त गर्छन। उनले भनेका छन्, 'आज (आयातबार) निष्कर्ष नआए पनि छलफल सकारात्मक भएको छ। स्वास्थ्य प्रतिकूलताका कारण प्रमुख प्रतिपक्ष दलको अध्यक्ष आउँन सक्नु भएन, छलफलका बारेमा अरुले पनि सल्लाह गर्ने भयो। हामीलाई विश्वास छ सोमबारसम्ममा यो निष्कर्ष सकारात्मक निस्किएर मंगलबारदेखि सदन खुल्ला की भन्ने आशा गरेको छु।'

## एमालेले...

गरी सुन तस्करी अनुसन्धान गर्न उच्चस्तरीय संयन्त्र बनाउन सकिने बताए। उनले उच्चस्तरीय छानबिन समिति गठनको माग यथावत रहेको पनि बताए। गिरीले क्विन्टलका क्विन्टल सुन नेपाल भित्रिरहेको भन्दै छानबिन समिति गठन गर्न सरकार गम्भीर हुनुपर्ने बताए।

एमालेले ६० किलो सुन बरामदका सन्दर्भमा उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै आएको छ।

## सत्तारुढलाई...

हुन्छ। तर, उपसभामुखले राजीनामा नदिएको अवस्थामा भने अध्यक्ष मण्डलमा रहेका सदस्यहरूले बैठक सञ्चालन गर्ने व्यवस्था प्रदेशसभा नियमावलीमा छ। नियमावली अनुसार उपसभामुख पनि अनुपस्थित भएको अवस्थामा अध्यक्ष मण्डलमा बाँकी रहेका इस्राइल मन्सुरी र गीता तिम्सिना गठबन्धनका सांसद हुन्। राप्रपाका विष्ट र एमालेकी लिम्बू पनि अध्यक्ष मण्डलमा थिए। दुवै जना बिदामा बसेका छन्।

तर, प्रदेशसभामा सभामुख र उपसभामुख चयन नभएको अवस्थामा भने ज्येष्ठ सदस्यले बैठक सञ्चालन गर्ने व्यवस्था छ। एमालेका ज्येष्ठ सदस्यले बैठकमा अनुपस्थित हुने सूचना दिएकोले उपसभामुख सिर्जना दनुवार पनि आउने सम्भावना कम देखिएको छ। उनी पनि नआएको खण्डमा वा राजीनामा दिएको खण्डमा भने ज्येष्ठ सदस्यको १३ औं नम्बरमा रहेका कांग्रेसका अमृत अर्यालले प्रदेशसभाको अध्यक्षता गर्नुपर्ने हुन्छ। यो अवस्थामा मुख्यमन्त्री थापाले विश्वासको मत पाउन सक्ने छैनन्।

## झापाकी...

इराक पुऱ्याएर बेचेको उनकी आमा लखी मुर्मुले जानकारी दिइन्।

'ओमान लाने भनेर इराक पुऱ्याएछन्,' पीडितकी आमा लखीले कमलाको फोटो देखाउँदै भनिन्, 'छ महिनासम्म कुनै सम्पर्क हुन सकेन। त्यसपछि भ्वाइस म्यासेजमार्फत बेला-बेला एकोहोरो सम्पर्क हुँदा छोरीले मलाई बन्धक बनाइएको छ, उद्धार गर्नुपऱ्यो आमामात्र भनिरहेकी छन्।'

तीन वर्षदेखि बन्धक अवस्थामा रहेको खुलासा भए पनि कमलाको उद्धारका लागि सरकारी निकायबाट कुनै प्रयास हुन सकेको छैन। दोहोरो सम्पर्क हुन नसकेका कारण कमलालाई इराकको कुन शहरमा बन्धक बनाइएको हो भन्नेबारेमा प्रष्ट हुन सकेको छैन।

कमलाकी आठ वर्षकी छोरी काजल मुर्मुको लालनपालन हजुरआमा लखीले नै गरिरहेकी छन्। काजल स्थानीय ग्लोबल भिजन स्कुलमा कक्षा ५ मा अध्ययनरत छिन्। भारतको गुजरातमा रहेका पतिले छाडेपछि कमला जीविकाका लागि वैदेशिक रोजगारीमा जान बाध्य भएकी हुन्।

इटहरी बाँसबारीका गोविन्द कट्टेल र बिर्तामोड-१ का मदन खरेलले ओमानमा राम्रो रोजगारीमा लगाइदिने भन्दै कमलालाई इराक पुऱ्याएको परिवारको दाबी छ। इराकमा बन्धक बनाउने गिरोहले कमलासहित दर्जनौं महिलालाई घरेलु श्रममा लगाउने र त्यसबाट आर्जित नगद खोस्ने गरेको कमलाले भ्वाइस म्यासेजमार्फत बताएकी छन्। 'अर्काको घरमा मरुन्जेल काममा लगाउँछन् र कमाएको पैसा पनि खोसिदोरहेछ,' छोरीको भ्वाइस म्यासेजबाट आएको खबरलाई उद्धृत गर्दै पीडितकी आमा लखीले भनिन्, 'चाउचाउ र कहिलेकाहीँ रोटी आधापेट खान दिन्छन्। काममा जान आनाकानी गऱ्यो भने पिट्छन्। घरमा सम्पर्क गर्नसमेत दिँदैनन्।'

बन्धक बनेकी कमलाले भ्वाइस म्यासेजमार्फत आफ्नो उद्धार नभए गिरोहले मार्ने त्रास रहेको जनाउँदै आएको उनकी आमा लखीले बताइन्। कमलाले खान नदिने मात्र नभएर चिसो भुइँमा सुत्न बाध्य पारेको र चर्को श्रम शोषण गरिरहेको बताउने गरेकी छन्। 'दिउँसो कामका बेला सम्पर्क हुने सम्भावना हुँदैन,' लखीले बन्धक बनेकी छोरीको त्रासदीपूर्ण अवस्था सुनाउँदै भनिन्, 'गिरोहका मान्छेहरु सुतेको मौका छोपेर घरको चार तलामाथि लुकेर मोबाइलबाट सानो स्वरमा भ्वाइस म्यासेज पठाएको भन्छिन्। यो थाहा पाए भने मार्छन् भन्ने डर छ।'

गिरोहले गाडीमा ओसारेर विभिन्न घर र कम्पनीमा लगेर काम लगाउने र ल्याउने गर्दै आएको कमलाकी आमा लखीले बताइन्। बाहिरी संसारमा कसैसँग सम्पर्क गर्ने सम्भावना नभएकोसमेत उनले जानकारी दिइन्। पीडित परिवारका तर्फबाट इलाका प्रहरी कार्यालय, वडा कार्यालय, नगरपालिका र माइती नेपाललगायतका उद्धार संस्थामा घटनाको जानकारी गराइसकेको धेरै समय बितेको छ। ती निकायले समेत उद्धारका लागि चासो नदेखाएको परिवारको गुनासो छ।

गत वर्ष परिवारले नै एजेन्टलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याएर छलफल चलाएको थियो। त्यसबेला इटहरीका गोविन्द कट्टेल स्वदेश फर्काउने प्रतिबद्धता जनाएर फुत्किएका थिए। अहिले कट्टेल र खरेल दुवै सम्पर्कमा आउन चाहेका छैनन्।

समुन्नत नेपालकी अध्यक्ष कोपिला बस्नेतले कमलाको शीघ्र उद्धारका लागि कतैबाट पहल नभएपछि पीडितकी आमा लखी आफ्नो सम्पर्कमा आएको बताइन्। 'गरिब र आदिवासी समुदायको व्यक्ति भएकाले कसैले आफ्नो कुरा नसुनेको उनको गुनासो थियो,' अधिवक्तासमेत रहेकी बस्नेतले भनिन्, 'कमला मुर्मु बिरानो मुलुकमा बन्धक अवस्थामा हुनुहुन्छ। सरकारी र प्रशासनिक क्षेत्रबाट उहाँलाई छिटो उद्धारको प्रयास गर्न आग्रह गर्दछु।'

मुर्मु परिवारको छिमेकी संगीता प्रसाइँ वंशलले उद्धारका लागि अनुरोध गरेर प्रहरी, प्रशासन र नेतासमक्ष धेरै धाइसक्दा कुनै परिणाम नआएको दुखेसो पोखिन्। 'संघीय संसदकी उपसभामुख इन्दिरा राना र कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाको गृहनगरसमेत यही अर्जुनधारा हो,' उनले भनिन्, 'अब उहाँहरुसँग मात्र भेट्न बाँकी छ।'

## ताहाचलमा...

उल्लेख गरेको छ। विभागले सेवाप्रवाहमा सहजीकरण तथा अन्य कामको सिलसिलामा विभाग, कार्यालयको प्रशासनिक भवनभित्र प्रवेश गर्ने म्यानपावर कम्पनी अर्थात इजाजतवाला संस्थाका सञ्चालक तथा प्रतिनिधिले अनिवार्यरुपमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जारी गरेको परिचयपत्र लगाउनुपर्ने एवम् अन्य सेवाग्राहीले आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउनुपर्ने बताएको छ।

विगतमा छिटो काम गराइदिने भन्दै उक्त कार्यालय वरिपरि बिचौलियाले घेरा जमाएर बस्ने गरेका थिए। विभागले अनलाइन पोर्टल (एफइआइएमएस)मार्फत श्रम स्वीकृति दिन थालेपछि विगत लामो समयदेखि उक्त कार्यालय सुनसान बनेको थियो। गत असारमा विभाग बुद्धनगरबाट ताहाचल सरेपछि चलखेल गर्ने पुराना बिचौलिया सलबलाउन थालेको कतिपयको भनाइ छ।

## हुम्ला डायरी
ओबराज शाही/मध्यान्ह

# अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षणको माग गर्दै ज्ञापनपत्र



अपाङ्गताको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले प्रमुख जिल्ला अधिकारीलाई अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षणको माग गर्दै १३ बुँदे ज्ञापन पत्र बुझाएका छन्।

अपाङ्गता क्षेत्र अत्यन्तै संवेदनशील भएको भएपनि अपाङ्गता भएका नागरिकको हक अधिकार संरक्षण प्रवर्द्धनका लागि विशेष कानून बनाउनुपर्ने अपरिहार्य भएकाले प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलसमक्ष ज्ञापन पत्र बुझाइएको एसोल्याण्ड एकीकृत विकास केन्द्रका सूचना अधिकृत बहादुर शाहीले बताए।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ मा अपाङ्गता व्यक्तिको हक अधिकार अपांगमैत्री निर्माण भएको भएपनि यो कानून अहिलेसम्म पनि लागू नभएको ज्ञापन पत्रमा उल्लेख छ।

अपाङ्गताभएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि अनुरुप वास्तविक व्यक्तिलाई परिचय पत्र दिनुपर्ने, जिल्लामा भएका अपाङ्गताको विवरण राख्नुपर्ने, अपाङ्गतामैत्री भौतिक संरचना निर्माण, व्यक्तिको प्रकार अनुसार उपकरण उपलब्ध गराउनुपर्ने, अपाङ्गता भएका व्यक्तिको हक अधिकारको विषय ज्ञापन पत्रमा उल्लेख छ।

जिल्लामा अपाङ्गता भएको भएपनि कुन वर्गमा कुन अपाङ्गता पर्छ ? त्यो नछुट्याइएको र पहुँचको भरमा परिचय पत्र वितरण गरिएको आरोप समेत लगाइएको छ।

ज्ञापनपत्र बुझाउँदै प्रमुख जिल्ला अधिकारी पौडेलले जिल्लाका सात वटा गाउँपालिकालाई समेटेर प्रमुख जिल्ला अधिकारी पौडेलाई ज्ञापन पत्र दिएर गम्भीर हुन ध्यानाकर्षण गराइएको संघसंस्थाहरुले जनाएका छन्।

जिल्लाका अपाङ्गता भएका व्यक्तिको विवरणमा निगरानी गर्ने, स्थानीय सरकारलाई पनि यो विषयमा छलफल गर्ने, दर्जामा भएका तल माथिको हेरफेर गर्न लगाउने र काम गर्ने संस्थालाई काम गर्ने वातावरण मिलाउने बताए। ज्ञापनपत्रमा सात वटा स्थानीय सरकार र १५ वटा अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको नाम समावेश गरिएको छ।

# चीनबाट आयात भएको मदिरा नष्ट



चीनबाट आयात भएको मदिरा विओपी र नेपाल प्रहरीले नष्ट गरेको छ। हुम्लाको नाम्खा गाउँपालिका वडा ५ को हिल्सा नाका खुलेलगत्तै चिनियाँ मदिरा जिल्लामा ठूलो मात्रामा भित्रिएको सूचना पाएपछि विओपी र नेपाल प्रहरीले मदिरा बरामद गरी नष्ट गरेको हो।

चीनका विभिन्न बजारबाट आएको ४७ काटुन चिनियाँ मदिरा हिल्सामा नै नष्ट गरिएको हुम्लाका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए।

उपरीक्षक भट्टराईका अनुसार चीन र नेपालको हिल्सा नाकाबाट आउँदै गरेको चिनियाँ मदिरा विओपी र नेपाल प्रहरीले नियन्त्रणमा लिएर शनिबार नष्ट गरेको हो। उक्त मदिरा बेवारिसे अवस्थामा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ। चिनियाँ मदिरा झिनिगिन्टी नेपालमा खुला नभएको हुँदा यसले मान्छेको ज्यान समेत जाने हुनाले नेपालमा बन्द गरिएको छ।

लुकिछिपी मदिरा भित्रिन थालेपछि अहिले नाका कडाइ गरिएको छ। चिनियाँ मदिरा आयातमा रोक लगाइएपनि ल्याउन नछाडेपछि नाका सुरक्षामा कडाइ गर्नु परेको सशस्त्र प्रहरी कार्यालय हुम्लाले जनाएको छ। नष्ट गरिएको मदिरा करिब २ लाख ३५ हजार रुपैयाँ मूल्य बराबरको रहेको छ।

# बसले ठक्कर दिंदा दुई जनाको मृत्यु, एक घाइते




**काठमाडौं/मस–** काठमाडौंको वनस्थली ढुंगेधारामा बसको ठक्करबाट दुई जनाको मृत्यु भएको छ। बालाजुबाट कलंकीतर्फ जाँदै गरेको ना५ख ५०९२ नम्बरको गोरखा दरौँदी यातायात कम्पनी प्रालिको बसले आयातबार बिहान विपरीत दिशाबाट आउँदै गरेको प्रदेश०२-०३७प ०७५५ नम्बरको मोटरसाइकलाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको हो।

मृत्यु हुनेमा सिन्धुपाल्चोक साँगाचोकगढी नगरपालिका घर हुने ३२ वर्षीया अनिता थापा र वतन नखुलेका ३२ वर्षीय रामकुमार भारती रहेका छन्। परिसरका प्रवक्ता प्रहरी उपरीक्षक कुमोद ढुंगेलले दुर्घटनामा गम्भीर घाइते दुवै जनाको उपचारका क्रममा त्रिभुवन शिक्षण अस्पताल महाराजगन्जमा मृत्यु भएको जानकारी दिए।

दुर्घटनामा नौ वर्षीय बालिका अनिशा थापा घाइते भएकी छन्। टाउकोमा चोट लागेर घाइते भएकी थापाको मनमोहन अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा संलग्न बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको प्रवक्ता ढुंगेलले बताए।

**बन्दी मृत्यु प्रकरण**

# बाल सुधार गृहमा तोडफोड, छानबिन समिति गठन



भक्तपुर/मस-बलात्कारको आरोपमा मध्यपुरथिमि नगरपालिका-२ सानोठिमीस्थित बाल सुधार गृहको थुनामा रहेका एक युवकको आइतबार रहस्यमय ढंगले मृत्यु भएको छ ।

युवकको मृत्युपछि गृहमा तोडफोड भएको छ । रामेछापको मन्थली नगरपालिका-३, कठजोरका २१ वर्षीय कमल बस्नेतको आइतबार बिहान रहस्यमय ढंगले मृत्यु भएको भन्दै निजका आफन्तले बाल सुधार गृह अगाडि नाराबाजी गरी तोडफोड गरेपछि दिनभर तनाव ग्रस्त भएको हो । बालसुधार गृहभित्र रहेका बस्नेतको मृत्युपछि सुधार गृहमा रहेका पुरुष थुनुवाले भित्रैबाट र मृतकका आफन्तले बाहिरबाट घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जिल्ला प्रहरी कार्यालय रामेछापबाट विसं २०७७ जेठ २९ गते जबरजस्ती करणी मुद्दाका कारण सुधार गृहमा राखिएका बस्नेतको आइतबार बिहान अचानक बेहोस भएपछि उपचारका लागि गट्ठाघरस्थित नागरिक अस्पतालमा लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जानकारी दिए ।

मृतकको बाया खुट्टाको तिघ्रामा पिलो आएको र पहिलादेखि नै आँखामा समस्या रहेको तर बेहोसको कारण खुल्न नसकेको भन्दै घटनाबारे आवश्यक छानबिन गरिरहेको उनले बताए । सुधार गृहले आइतबार परिवारलाई मृत्यु भएको खबर दिएपनि मृत्युको कारण स्पष्ट नगराएको र मृत्यु रहस्यमय भएको भन्दै आफन्तले घटनाबारे बुझ्न खोज्दा उल्टै प्रहरी वृत्त थिमिका प्रहरीले पीडित पक्षमाथि दुर्व्यवहार गरेको आफन्तले आरोप लगाएका छन् । उनीहरुले समयमै उपचार नपाउँदा ज्यान गएको भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

घटनापछि आइतबार अपराह्न जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा बसेको बैठकले घटनाबारे यथार्थ बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्रप्रसाद निरौलाको नेतृत्वमा छानबिन समिति गठन गरेको छ ।

प्रजिअ रिजालले घटनाको अनुसन्धान तथा छानबिन गरी सत्यतथ्य ल्याउन निरौलाको नेतृत्वमा प्रहरी परिसर भक्तपुरका डिएसपी वसन्त पाठक, जिल्ला प्रशासन कार्यालयका अधिकृत अशोककुमार पोखरेल सदस्य सचिव र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अधिकृत प्रतिनिधि सदस्य रहेको छनबिन समिति गठन गरेको जानकारी दिए ।

सुधार गृहका इन्जार्च सन्तुलन देशेमरुले मृतक बस्नेत शनिबार साँझ खाना खाएर सुतेको तर राति उठेर ज्वरो आयो भन्दै औषधि मागेर खाएको जानकारी दिए । औषधि खाएर सुते पनि बिहान बेहोस भएपछि तत्कालै नजिकैको नागरिक अस्पताल लगेर उपचार गर्ने क्रममै मृत्यु भएको उनले बताए । ज्वरो आएपछि शनिबार नै नेपाली सेनामा रहेका मृतकका दाजुलाई बिरामीका बारेमा जानकारी दिएर बोलाएको उनले बताए ।

युसेप नेपालको व्यवस्थापनमा नेपाल सरकार गृह मन्त्रालयअन्तर्गत सञ्चालनमा रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबन्दी रहेका छन् । यहाँ दुई सय १० जनाको क्षमता रहेपछि विभिन्न अपराधका घटनामा परेर सुधार गृहमा रहेका ४३ केटी र दुई सय ५७ केटा गरी हाल तीन सय बन्दी रहेका युसेपन नेपालका निर्देशक केशव सुवालले बताए ।

बालबालिकालाई मात्रै सुधार गृहमा राख्ने नियम भए पनि १८ उमेर नाघेकालाई सरकारले कारागारमा पठाउने व्यवस्था नगर्दा सुधार गृहमा १८ वर्षभन्दा माथि उमेरका केटा केटीसमेत रहेका छन् । सुधार गृहमै खाने, बस्ने, खेल्ने, पढ्ने लगायतको सुविधा सरकारले दिएको छ । सुधार गृहभित्रै रहेको विद्यालयमा कक्षा १० सम्मको अध्ययन हुने गरेको निर्देशक सुवालले जानकारी दिए ।

# बाढीले ढालेका सीमा स्तम्भ संरक्षण गर्न समिति



झापा/मस-गत असारमा आएको बाढीले दक्षिणी झापाको गौरीगञ्ज गाउँपालिकामा चारवटा सीमा स्तम्भ ढले । कमल खोलामा आएको बाढीका कारण गौरीगञ्ज क्षेत्रभित्र मात्रै ढलेका चारवटा सीमा स्तम्भ ढलेको महिनादिन बितिसक्दासमेत उठाउन चासो नखेखाएको भन्दै गौरीगञ्ज गाउँपालिका-५ का वडाध्यक्ष विजयसिंह गन्गाईको संयोजकत्वमा ११ सदस्यीय समिति सीमा स्तम्भ संरक्षण समिति गठन भएको छ ।

नेपाल-भारतको दशगजा क्षेत्रमा रहेका सीमा स्तम्भ ढलेसँगै सीमाको रेखदेख र सीमाक्षेत्रमा हुनसक्ने आपराधिक गतिविधि न्यूनीकरणका लागि वडाध्यक्षको संयोजकत्वमा समिति गठन गरिएको इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक विजय कार्कीले बताए । सीमा क्षेत्रको सुरक्षा र सीमा स्तम्भको रेखदेखका लागि बसेको सर्वपक्षीय भेलाले यस्तो निर्णय गरेको हो । बाढीका कारण गौरीगञ्ज-२ स्थित लालमाटी छेउ दशगजामा रहेको १४०/१५ नम्बरको सीमास्तम्भ ढलेको थियो । त्यस्तै वडा नम्बर ४ स्थित अल्ताबारीमा रहेको १४९/२६ नम्बरको सीमा स्तम्भ, वडा नम्बर २ आमगाछी छेउमा रहेको पिलर नं १४५/११ र वडा नम्बर ४ मा अल्ताबारीमा रहेको पिलर नं १४९/८ ढलेका थिए ।

समितिले गौरीगञ्ज गाउँपालिकाको दक्षिणी सीमासँग जोडिएको खुल्ला सीमाबाट हुनसक्ने आपराधिक गतिविधिको सूचना आदानप्रदान गर्ने, सीमा स्तम्भ डुबानमा परे वा जोखिममा भए त्यसको जानकारी दिने र सीमा क्षेत्रका बारेमा महिनामा एकपटक बैठक बसी छलफल गर्ने निर्णय गरेको छ । सशस्त्र प्रहरी नायब उपरीक्षक अस्मिनकुमार थापाको रोहवरमा समिति निर्माण गरिएको हो । समितिको संयोजकमा वडाध्यक्ष गन्गाई, सदस्यहरूमा इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक कार्की, सशस्त्र प्रहरी निरीक्षक रुद्र बुढाथोकी, वडासदस्य देवनारायण गन्गाई, गन्गाई समाजका सहदेव गन्गाई, अमर खेलकुदका प्रतिनिधि अशोकराज थापा, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि रोशन यादव, जनता बालविकास प्राविका ममताकुमारी सिंह, नागरिक समाजका प्रतिनिधि सन्तोष गन्गाई, गोपालप्रसाद गन्गाई र पत्रकार आत्माराम राजवंशी रहेका छन् ।

**प्रस्तावित प्रादेशिक शहिद पार्क तथा वनस्पती उद्यान निमार्णका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सूचना**

**प्रकाशन मिति २०८०/०५/०४**

भैरम सामुदायिक वन उपभोक्ता समुहद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **भैरम सामुदायिक वन उपभोक्ता समुह**<br>बिरेन्द्रनगर नगरपालिका वार्ड न ४, सुर्खेत<br>ईमेल:<br>फोन नं: ९८६८६४४१४५ |
| **प्रस्तावको व्यहोरा** | बिरेन्द्रनगर नगरपालिका वार्ड नं. ४ मा रहेको श्री भैरम सामुदायीक वन उपभोक्ता समुहको प्रस्तावित सामुदायिक वन खण्ड ६ को भंगेरी चउर क्षेत्र भित्र पर्यटन प्रर्वद्धनका कार्यको लागि उक्त सामुदायिक वनको कूल क्षेत्रफलको ३०२.३७ हेक्टर मध्ये ५ हेक्टर क्षेत्रफलमा वन क्षेत्रको भूउपयोग परिवर्तन नहुने गरी पर्या पर्यटन प्रयोजनको लागि प्रादेशिक शहिद पार्क तथा वनस्पती उद्यान निर्माण गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा.** | बिरेन्द्रनगर नगरपालिका वार्ड नं. ४ र नगरपालिकाका अन्य वडाहरु |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. का वडाहरु तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले प्रदेश वातावरणीय संरक्षण नियमावली, २०७७ को नियम ७(२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | भैरम सामुदायिक वन उपभोक्ता समुह भैरवस्थान<br>बिरेन्द्रनगर नगरपालिका वडा न ४ , सुर्खेत<br>ईमेल:<br>फोन नं: ९८६८६४४१४५ |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्रीन कर्णाली कन्सल्टेन्सी एण्ड टेनिङ्ग सेन्टर प्रा. लि<br>नयाँबानेश्वर-१०, काठमाडौं<br>फोन: ९८५८०५०३९९<br>ईमेल: karnaligreen@gmail.com<br>सम्पर्क कार्यालय: वीरेन्द्रनगर नगरपालिका- १० गौरीशंकर चोक, सुर्खेत । |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०३/११ मा दर्ता भएको **प्रा.लि. नं. १७०२११** को **मेगा इन्डष्ट्रिल अटोमेशन नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१०/११ मा दर्ता भएको **प्रा.लि. नं. १४४४०८/०७२/०७३** को **एम.जि.आर. ग्रुप प्रा.लि.** को मिति २०८०/०४/३० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**URGENTLY WANTED**

**Company : Sonepar Powered by Difference**

***Btech engineering or Diploma in electrical engineering with sales experience***

*Job Title : Sr. Engg- Sales*
*Company : Sonepar India Pvt. Ltd.*
*Reports to : Manager-Sales*
*Location : Nepal*

**Experience:**

- *Graduation in BE/B. Tech (Electrical/Electronics/Instrumentation)*
- *Minimum 6 to 8 years of relevant experience (Max. Experience in Nepal)*
- *Fluent in both written and spoken English.*

***Interview: 24 August 2023***

Please send your CV: ***khush2730@gmail.com***

**Mobile : 9813272315**

**साउदीमा रोजगार** | कम्पनी: **WATER AND POWER PROJECT CONTRACTING CO.**
शहर: **Riyadh**

पुर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०२०६४७८ L.T. No.: 250357 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Plumber | 5 | 0 | | 1200 | ४२,४५६ | | | | | | | |
| 3. | Pan Road Machinery Driver | 8 | 0 | | 2100 | ७४,२९८ | | | | | | | |
| 4. | Truck Driver | 5 | 0 | | 1800 | ६३,६८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ११ गते (28 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ANS
श्रम ईजाजत पत्र नं. ०९९/०५३/००५४

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ३२११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक),
फोन: ०१-४५६६७३३, ०१-४५८५७३० मो: ९८५१०३०८०६ Email: cv.annapurna@gmail.com, Url: www.annapurnaservices.com
**Right People For Right Job At The Right Time**

**रतुवामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मोरङ**
**कोशी प्रदेश, नेपाल**

**लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश**

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

**मुख्य लक्षणहरू:**

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

**रोग सर्ने मुख्य कारणहरु**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

**उपचार तथा रोकथाम**

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।



**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति:
वि.स. २००२/२/०६

स्वर्गारोहण:
वि.स. २०८०/०४/२४

**स्व. शिव प्रसाद काप्री**

हाम्रा शुभेच्छुक **न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**का चेयरम्यान **श्री तिला प्रसाद काप्री** तथा **लक्की एच.आर. सोलुसन प्रा. लि.का** चेयरम्यान **श्री एमएस काप्री ज्यू**को पुजनीय पिता

**श्री शिव प्रसाद काप्रीज्यू**

को २०८० साउन २४ गतेको दिन असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** प्रकाशक तथा **मदनकुमार श्रेष्ठ** सम्पादक
**मध्यान्ह** दैनिक परिवार

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति:
वि.स. २००८/०४/०८

स्वर्गारोहण:
वि.स. २०८०/०४/२५

**स्व. दुर्गा कुमारी भुसाल**

हाम्रा शुभेच्छुक एवं **अलमाइटी इन्टरनेशनल मेनपावर सर्भिसेज प्रा.लि.**का अध्यक्ष **श्री भोजराज भुसाल**की ममतामयी माता

**श्रीमती दुर्गा कुमारी भुसालज्यू**

को २०८० साउन २५ गतेको दिन असामयिक निधन भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** प्रकाशक तथा **मदनकुमार श्रेष्ठ** सम्पादक
**मध्यान्ह** दैनिक परिवार

**GET YOUR eVISA FOR MALAYSIA**
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com

थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



**TRAVEL THE WORLD**
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
४ भदौ २०८०, सोमबार
21 August 2023, Monday

## सम्पादकीय

# गम्भीर भूलको 'मञ्चन'

कोशी प्रदेशका आठ जना जेष्ठ प्रदेशसभा सदस्यले सोमबारको प्रदेशसभा बैठकमा उपस्थित हुन नसक्ने जानकारी दिएका छन् । नेकपा एमालेका सात र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का एक गरी आठ जना प्रदेशसभा सदस्यले घरायसी कारण देखाउँदै बैठकमा उपस्थित हुन नसक्ने जानकारी दिएका हुन् । तर यति ठूलो संख्याका सांसदहरूले एकैपटक घरायसी कारण देखाएर अनुपस्थित हुने जानकारी दिनु भन्दा पनि मुख्यमन्त्री उद्धव थापातिर राजनीतिक वृत्तको चासो गएको छ । किनकि आठै जना सांसदले एकैपटक बैठक बस्ने दिन अनुपस्थित हुन देखाएको घरायसी कारण आफैमा कृतिम कारण हो । प्रमुख कारण भने प्रदेशसभाको अध्यक्षता विपक्षी गठबन्धनबाट नगर्ने भन्ने तयारी हो । त्यसो हुँदा मुख्यमन्त्री थापाले विश्वासको मत पाउन संभव छैन ।

किनकि आठ जना जेष्ठ सांसदले अनुपस्थित रहने जानकारी दिनुको अर्थ उपसभामुख सृजना दनुवारले राजीनामा दिने तयारी रहेको बुझ्न गाह्रो पर्दैन । तर सत्तारूढ गठबन्धन भने जसरी पनि विपक्षी एमाले अथवा राप्रपाबाट सभाको अध्यक्षता गराएर मुख्यमन्त्री थापालाई विश्वासको मत दिलाउने तयारीमा थियो । त्यसैका लागि नेकपा माओवादी केन्द्रका तर्फबाट सभामुख बनेका बाबुराम गौतमले पदबाट राजीनामा दिएका थिए । यदि विपक्षी गठबन्धनबाट सभाको अध्यक्षता भएमा सत्तारूढले मुख्यमन्त्री थापालाई आवश्यक बहुमत ४७ पुऱ्याउने थियो । तर उपसभामुखले पदबाट राजीनामा दिने अनि विपक्षी गठबन्धन तर्फका सबै जेष्ठ सदस्य अनुपस्थित रहेमा सत्तारूढबाट सभाको अध्यक्षता गर्नुपर्ने हुन सक्छ । त्यस्तो अवस्थामा ९३ सदस्यीय प्रदेशसभाको बहुमत ४७ मुख्यमन्त्री थापाको पक्षमा नपुग्न सक्छ ।

यदि थापाले विश्वासको मत नपाए संवैधानिक व्यवस्थाको अर्को उपधारा बमोजिम फेरि एमाले नेतृत्वकै सरकार बन्न सक्छ । तर त्यो सरकारले पनि विश्वासको मत पाउने संभावना कमजोर छ । अर्थात् प्रदेशसभाले सरकार बनाउन नसकेर मध्यावधिमा जानसक्छ । जबकी प्रदेशसभाको संरचना हेर्दा एउटा नभएर सरकार बन्ने अनेक संभावना देखिन्छ । तर त्यसका लागि संघीय सरकारका निम्ति बनेको राजनीतिक समीकरण भत्कन जरूरी छ । अहिलेको समस्या त्यही हो । प्रदेशसभालाई सिंहदरबारको छायामा राख्ने नेतृत्वको स्वार्थले प्रदेशसभा बन्धक बन्न पुगेको छ । मुलुकको संविधान र व्यवस्थाका निम्ति यो एउटा गम्भीर भूल हो, जुन भूलमा नेताहरू रमाइरहेको देखिन्छ । तर यस्तो भूलको नतिजाबारे आवश्यक ध्यान दिइएको देखिदैन ।

# नाग पञ्चमीको अर्थ र महत्व

*नागको पूजा गर्दा चामलको पीठोको मूर्ति स्वरूप नागदम्पती बनाउने, गाईको दुध, कपासको प्यूरी, तिल, लावा, चढाइ केराको पातमा राखेर नागको प्रार्थना गर्नाले नागहरू बढी खुसी हुन्छन् । नागको पूजा गर्ने चलन वैदिककालदेखि नै शुरू भएको हो ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसपालि नाग पञ्चमी भाद्र ४ गते सोमबार परेको छ । सोमबार, शुक्रबार नागको पूजालाई विशेष राम्रो मानिन्छ । शास्त्रीय मतमा धरणी भनौं पृथ्वीलाई शेष नागले बोकेको मानिन्छ, विज्ञानले प्लेट भनेको छ । यसको उतारचढावले भूकम्प हुन्छ, जमिन हल्लन्छ । नागको पूजा भन्नु धर्तीकै पूजा हो । धर्ती पूजामा शँख, बत्ती, मन्त्र, मणि, माणिक्य, जनै, फूल, फल, पुस्तक, तुलसी, कपुर, सुवर्ण, चन्दन, शालिग्रामको जल आवश्यक पर्छ, तर नागपूजामा शंख नबजाउनु राम्रो मानिन्छ । धरती स्वयं माता भएकीले विहान उठेर प्रथम पाद धर्तीमा राख्नु अघि पृथ्वीको नमन गर्नुपर्छ । समुन्द्र बस्ने देवी पर्वतस्तनमण्डिते, विष्णु पत्नि नमस्तुभ्यं पादश्पर्श क्षमस्व मे भन्दै भूमि प्रार्थना गर्नु पर्दछ । अघि शुरुमा सर्वप्रथम श्रीहरिले धर्तीको पूजा गर्नु भएको थियो । भक्तिपूर्वक धर्तीमाताको पूजा, उपासना गर्नाले श्रीसम्पति, आयु, प्रज्ञा, यश, आरोग्य मिल्छ ।

हिजोआज सबैतिर संकट देखिएको धर्तीप्रति बेवास्ता र अचाक्ली दोहनले हो । मानिस आफैंले अनेकौ जलवायुको संकट खेपिरहेको छ । सहनशील गुण भएकाले दत्तात्रयले मानेका २४ गुरुमा एक पृथ्वी भएकी हुन्, विशालतामा आकाश अर्को गुरु हो । पन्चतत्व माटो, पानी, वायु, तेज र आकाशकै सूक्ष्म रुप हो हाम्रो शरीर । यसले विश्राम लिँदा यसमा भएको पन्चतत्व आफ्नै मातृसंस्थामा फर्कने हो । कलियुगका मानिसहरु आफ्नो नयाँ घर निर्माणमा, गृह प्रवेश गर्दा, नयाँ अन्नबाली लगाउँदा नाग, पृथ्वीको पूजा गर्ने गर्छन् ।

पृथ्वी पूजनबारे श्रीहरि नारदलाई भन्नुहुन्छ- पहिले ब्रह्माको स्तुतिले प्रसन्न भई श्रीबराहले हिरण्याक्षको वध गरी रसातलबाट पृथ्वीको उद्धार गरे र पानीमा कमलको पातझैं पृथ्वीलाई राखेपछि त्यही पृथ्वीमा ब्रह्माले सृष्टि गरेको प्रसंग पुराणहरुमा पाइन्छ । विज्ञानले चुम्बकीय आकर्षणका कारण ब्रह्माण्डका ग्रह उप ग्रहहरु अडेका हुन् भनेको छ भने पूर्वीय धर्मग्रन्थहरुले यस्तो ब्रह्माण्ड धेरै वटा भएको बताएको छ । यही संसार पनि अहिलेसम्म २८ पटक परिभ्रमण गरिसकेको र यो युग कलिको समय भनेको चार लाख ३२ हजार वर्षको हो, यसमा अहिले यो वर्ष जम्मा पाँच हजार एक सय २४ वर्ष मात्रै व्यतीत भएको छ ।

कल्मष र कलह बढी हुने हुँदा अहिलेको युग कलि हो, यसअघिको द्वापर, त्यसअघिको त्रेता र त्योभन्दा पहिलेको युग सत्य हो । सत्ययुगमा यहाँको नाम सत्यपुर, त्रेतामा तपोवन, द्वापरमा मुक्तिपुर र हाल कलिमा नेपाल रहेको छ । ने मुनिद्वारा स्थापित र धर्म अनि न्यायले चल्ने भएकाले न्यायेन पाल्यते भन्ने सूक्ति अनुसार नेपाल भएको हो । विहान उठेदेखि सुतेसम्म र रातको निद्रामा पनि देवत्व प्राप्ति यहाँको विशेषता हो, त्यसैले भनिन्छ यहाँ घर जति छन् त्यति नै मन्दिर छन् र त विश्वको एकमात्र पवित्र देश हेर्नैका लागि पर्यटकहरु ओइरिएर आएका हुन् ।

पूर्वीय दर्शन धेरै फराकिलो छ । विज्ञानको स्रोत मानवदेखि सूक्ष्मभन्दा सूक्ष्म जीवात्माहरुकोसमेत पूजा गर्दै आफ्नो धर्म, संस्कृति र कलाको मौलिक संरक्षण गर्नु पूर्वीय चिन्तनको व्यापकता हो । यसले न केवल परम्परा धान्ने किन्तु जीवनपर्यन्त र त्यसपछिका दिनसम्म उज्यालो र सार्थक बनाउने प्रयास समेत गरेको छ । श्रावणको आरम्भदेखि नै शुरु हुने चाड पर्वमध्ये अहिले हामी नागपञ्चमी विशेषमा आइपुगेका छौं । श्रावण शुक्ल पञ्चमीको दिन घर, घरवरिपरिको परिवेश र समग्र वातावरण पवित्र पार्ने क्रममा नागको पूजा गर्ने विशेष पर्व नै नागपञ्चमी हो ।

नागपञ्चमीका दिन नागको विशेष चित्र लेखेर दही, दूबो, दुध, लाबा समेतले पूजा गरी घरका मूल ढोकाहरुमा नाग टाँस्ने गरिन्छ । हरेक देवदेवीहरुको मूर्ति, चित्रहरुबाट जीवनका लागि आवश्यक नवऊर्जा प्राप्त हुन्छ । देव, देवी, मठ, मन्दिर, प्रवेश, पूजा, दर्शन चिन्तन मनन गर्नुको मूल उद्देश्य सकारात्मक सोच नै हो, ऊर्जा नै हो । सकारात्मक सोच हुनु नै रोगका विकार हट्नु हो । हामीलाई कोरोनाको त्रास हुँदा आत्मविश्वास रुपी खोप लगाइएको हो, विज्ञानको खोपले मात्रै धानेको हो भने लाखौं मानिसको अकाल मृत्यु हुन्नथ्यो होला संसारमा । धेरै जनसंख्या भएका देशमा धेरेको मृत्यु एकैपटक भएकाले हाम्रो मनमा त्रास बढेको हो । हरेक मूर्ति, चित्र आदिबाट सकारात्मक र नकारात्मक दुवै ऊर्जा प्रवाह



*पञ्चतत्व माटो, पानी, वायु, तेज र आकाशकै सूक्ष्म रुप हो हाम्रो शरीर । यसले विश्राम लिँदा यसमा भएको पञ्चतत्व आफ्नै मातृसंस्थामा फर्कने हो । कलियुगका मानिसहरु आफ्नो नयाँ घर निर्माणमा, गृह प्रवेश गर्दा, नयाँ अन्नबाली लगाउँदा नाग, पृथ्वीको पूजा गर्ने गर्छन् ।*

भैरहन्छ । सदैव सकारात्मक ऊर्जा प्राप्तिका लागि मठ, मन्दिर, मूर्ति चित्रको अवस्थामा पनि ध्यान दिनुपर्ने हुन्छ ।

पूर्वीय दर्शनले यस बारेमा उद्‌बोधन गर्दै नागको शिर भाद्र, आश्विन र कार्तिक महिनामा पूर्वतिर हुने बताएको छ भने मंसीर, पुस, माघमा नागको शिर दक्षिणतिर हुन्छ । त्यस्तै फागुन, चैत्र, वैशाखमा पश्चिमतिर नागको शिर हुन्छ भने जेष्ठ, आषाढ, श्रावणमा नागको शिर उत्तर दिशातर्फ हुन्छ । नागको पूजा गर्दा शिरको ज्ञान भएन भने पूजाको प्रयोजन निरर्थक हुन्छ । उच्च र घरानीया भनिएकाहरुलाई घरमा सुरक्षाकर्मीले सुरक्षा दिइरहेका देखिन्छन् भने धार्मिक र असहायहरुलाई घरको सुरक्षा दिने काम तुलसीले, यसको मोठले, तिलले, कुशले, गाईले, नागले, देवताले, पितृहरुले सुरक्षा दिइरहेका हुन्छन्, शारीरिक सुरक्षाभन्दा भावनात्मक सुरक्षा बलियो हुन्छ । र त घरका मूल ढोका, भित्ताहरुमा कलश, गणेश, सूर्य, हनुमान, कुमार आदिका मूर्ति, चित्र एवं स्वस्तिक, ॐ आदिको संकेत घरैपिच्छे पाइन्छ ।

समग्र भूमण्डललाई शेषनागले धारण गरेको कथन पनि पूर्वीय चिन्तनमा स्पष्ट उल्लेख छ । पानीमा नाग बस्ने र पृथ्वीको गर्भभित्र धेरै पानी नै भएकाले सो कुराको पुष्टि हुन्छ । आफना वरिपरि नागको सरेस भइरहने र बेला बखत पूजा गर्नाले अग्नि भय, प्रकोप, चट्याङ, विद्युतीय विस्फोटक आदिको समस्या हुँदैन । सर्प जातिलाई नाग भनिन्छ र नागलाई सर्पहरुको राजा भनिन्छ । जहाँ नागहरु हुन्नन् त्यहाँ पानी हुँदैन । पानी बिना कुनै जीवात्मा बाँच्दैन । घरको जग हाल्दा वा वास्तु पूजा गर्दा नागको सर्वप्रथम पूजा गर्ने चलन छ किनकि नाग खुसी भए लक्ष्मी (धन) को वर्षा हुन्छ । सुख, समृद्धि र आरोग्य चाहनेले नागको विशेष चिन्तन गर्नु पर्ने हुन्छ । कृषिप्रधान मुलुक हाम्रा गाउँ वस्तीहरुमा धान रोपाईं गर्दा पनि नागको पूजा गर्ने चलन आजपनि छँदैछ ।

हिन्दु परम्परामा नागलाई शिव र विष्णुका साथै देवीका शक्तिका रुपमा मानिन्छ । पाञ्चायन देवता मध्ये शिवको गलामा नाग, विष्णुको शैयामा नाग, गणेशका हातमा नाग रहेका छन् भने सूर्यको उपासनामा पनि नागको चर्चा आउँछ । त्रेतायुगीन रामका भाइ लक्ष्मणलाई शेषको अवतार मानिन्छ भने द्वापरयुगीन उनै कृष्णका दाजु बलराम शेष नागका प्रतीक नै हुन् । भगवान् श्रीकृष्णले बाल्यकालमा कालीय नागको दमन गरेकाले जीवनको उषाकाल वा किशोर अवस्थामै विषतुल्य प्रदूषणलाई हटाइ सक्नुपर्ने संकेत प्राप्त हुन्छ भने सत्ययुगको समुद्र मथनको प्रसंगले शेषनागको घाँटीमा रहेको हलाहल विष ओकेली सकेपछि मात्र अमृत प्राप्त भएको कथानक भेटिन्छ । यसको लाक्षणिक संकेत के हो भने द्वन्द र युद्धपछि निश्चय नै शान्त वातावरण हुनु पर्छ भन्ने पनि हो । आजको युगमा ठूला विश्व युद्धपछि शान्तिको संकेत राष्ट्र संघको जन्म यसको थप उदाहरण हो । शेषसायी विष्णु सर्पमाथि सुतेर पनि शान्त र आनन्दित छन् अर्थात् समाजमा राग, द्वेष हुन्छ तथापि मानिसले विषम परिस्थितिमा पनि शान्त र आनन्दित हुनुपर्छ भन्ने संकेत हो । बुद्धको मुकुटमा सर्पका आकृति चिह्न देखिनुको संकेत पनि वरिपरि परिवेश अशान्त र विषालु भए पनि आफू सौम्य र शान्त बन्नुपर्छ भन्ने हो ।

ॐ कार परिवार भित्रका जैन तीर्थङ्करहरुका शिरमा पनि सूर्य आकारका मुकुटहरु हुन्छन् । पानीका देवता मत्स्येन्द्रनाथको घाँटीमा कर्कोटक नागको माला शोभित छ । काठमाडौंको टौदहस्थित कर्कोटक नागदहको पानी कटाएर काठमाडौं उपत्यकामा वस्ती बसाल्ने वीर र धार्मिक व्यक्तिहरुको इतिहास हाम्रै सामु छ । नागपञ्चमीका दिन टौदहमा नागदह मेला लाग्छ र त्यहाँ नागको विशेष पूजा हुन्छ । काठमाडौंको सुन्धारा नागस्थान, कमलपोखरी, नागपोखरीमा नागको विशेष पूजा गरिन्छ । पशुपति मन्दिर परिसरमा वासुकी मन्रि छुट्टै रहेको छ भने शिवजीका घाँटीमा सर्पको हारले नै शोभा दिएको देखिन्छ । कपासको प्यूरी, गाईको गोबर, दुध, तिल दूबो, लाबा नाग पूजामा अनिवार्य हुन्छ । नाग पन्छ्याउँदा केराको पातमा चामलको पिठोले नाग जोडीको आकृति बनाउने, दूबोले जिभ्रो, तिलले आँखा बनाएर विधिपूर्वक पूजा गरेर जलाशयमा सेलाउने गरिन्छ भने काल सर्पको शान्तिविधि गर्दा राहु सहित ग्रहको पूजा, नाग स्तुति, नाग सहस्रनाम पाठ गर्ने चलन छ ।

नागका विभिन्न विशेष नामहरु छन्- अनन्त, बासुकी, शेष, पद्मनाभ, कम्बल, धृतराष्ट्र, शंखपाल, तक्षक, कालीय आदि । प्रत्येक दिन मानवले यी नागका नाम स्मरण गऱ्यो भने जीवनमा कहिल्यै सर्पको भय हुँदैन । सर्पहरु विषालु पनि हुन्छन् । तपस्वी ऋषिका श्रापले द्वापरयुगमा तक्षक नागले डसेर चक्रवर्ती सम्राट परिच्छितलाई देहान्त गरायो । हिजोआज हाम्रो मुलुकमा पनि प्रायः तराईक्षेत्रमा सर्पदंश हुने गरेको देखिन्छ । कतिपय व्यक्तिले ज्यान पनि गुमाएका छन् । यसतर्फ भने हामी सतर्क रहनुपर्छ । नाग खुसी हुँदा संरक्षण दिन्छन् । रिसाउँदा घरै पल्टाउन पनि सक्छन् त्यसैले हरेक घरको जग हाल्दा घर सर्दा नागको विशेष स्थान छुट्टयाई पूजा गर्ने चलन रहेको छ । नागको पूजा गर्दा चामलको पीठोको मूर्ति स्वरुप नागदम्पती बनाउने, गाईको दुध, कपासको प्यूरी, तिल, लावा, चढाई केराको पातमा राखेर नागको प्रार्थना गर्नाले नागहरु बढी खुसी हुन्छन् । नागको पूजा गर्ने चलन वैदिककालदेखि नै शुरु भएको हो ।

नागको प्रार्थना मन्त्रः आस्तिकस्य मुनेर्मातर्जगदानन्दकारिणि । एह्येहि मनसे देवि नागमातर्नमोस्तुते ॥ हो ।

## सामाजिक सञ्जाल



- कृष्ण घिमिरे

देश भूगोलमा सिमित हुन्छ तर धर्म र दर्शनको भौगोलिक सिमितता हुँदैन । धर्म र आस्थाको इतिहासले मानिसलाई निकट राख्दछ । इण्डियनहरु र नेपाली सनातनीको सम्बन्ध पनि यही हो र यो अटुट छ । इण्डियनहरुको उपस्थिति ठूलो छ । यिनीहरु नेपाललाई आफूभन्दा सानो ठान्छन्, त्यसैले हेपाहा शब्द प्रयोग गर्दछन् ।



- सेतेमान तामाङ

भ्रष्टाचारको चक्रब्यूहमा फसेको नेपाली राजनीति र नेपालको प्रशासनलाई उदार गर्न जुटेका शक्तिले भ्रष्टाचारको परिबन्द (जालो)को अन्त्य गराउन जटिल र चुनौतीबीच धेरै संघर्ष गर्न जरुरत छ । भ्रष्टाचार एक संक्रमण सरुवा रोग झैं फैलिएको हुनाले भ्रष्टाचारको अन्त्य गराउन दह्रो उभिन सक्नुपर्छ ।



- निर्मल प्रसाइँ

मुख्य अभियुक्तहरुको बयान बिना अधुरो, अपुरो, असत्य, प्रतिवेदन बनाउनु आफैमा विधिको उल्लंघन गर्नु हो । सिआईबी, कानुनको रक्षा गर्ने सपथ खाएको हुनाले माधवकुमार नेपाल र बाबुराम भट्टराईको बयान लिन अनुरोध छ । यहाँ देशभन्दा ठूलो व्यक्ति हुन सक्दैन, यहाँ अधिनायकवाद चल्दैन ।




- च्यवन घिमिरे

नागरिकहरुको आफ्नो धर्मप्रतिको आस्था, श्रद्धा र सम्मान आफ्नो ठाउँमा छ तर, ढोंगी नेता र व्यापारीहरुले त्यो आस्था, श्रद्धा र सम्मानमाथि खेलेर त्यसलाई भजाएर फेरि पनि बिक्रि प्रबर्द्धन र भोट बैंकको साँचो; भारत, भाजपा र मोदीसँग नजिकिने र आफू राजनीतिमा सफल हुने तुरूप र साधन मात्रै हो !

# कार्बन उत्सर्जनको बढ्दो जोखिम

विश्व



● अनिल प्रकाश जोशी

*पेट्रोलियम पदार्थजन्य सामग्रीको प्रयोग मात्रै विश्वमा कार्बन उत्सर्जन गर्ने कारण भने कदापी होइन । कार्बन उत्सर्जनमा आश्चर्य बनाउने अर्को तत्व हो- सूचना प्रविधि । जसको कार्बन उत्सर्जनमा सबैभन्दा ठूलो भूमिका रहेको छ ।*

विश्वमा बढ्दो तापमानको सबैभन्दा मुख्य कारण कार्बन उत्सर्जन हो । कार्बन उत्सर्जन मात्र कार्बन डाईअक्साईडबाट भएको होइन, यो मिथेनबाट पनि भइरहेको छ । वर्ष २०२२ को तथ्यांकलाई हेर्दा, सबैभन्दा धेरै कार्बन उत्सर्जन (करीब ३६.८ बिलियन टन) यसै वर्ष भएको थियो । यो उत्सर्जन अघिल्लो वर्षको तुलनामा ०.९ प्रतिशत धेरै हो ।

कार्बन उत्सर्जनको करीब तीन चौथाई मात्रा मानिसद्वारा प्रयोग गर्ने विभिन्न खालका ग्यांस पनि छन् । यो नै सबैभन्दा ठूलो कारक मानिएको छ । जसको कारण सबैभन्दा धेरै कार्बन उत्सर्जन भइरहेको छ । साथै, विश्वभर जुन ढंगले सार्वजनिक सवारीको साधन बढेको छ, यसले पनि प्रदुषण बढाउनमा पनि निकै महत्वपूर्ण भूमिका खेलेको छ । डिजल, पेट्रोल, ग्याँसलगायतको भूमिका पनि प्रदुषण बृद्धिमा निकै देखिन्छ ।

विद्युत नहुँदाको समयमा प्रयोगमा आउने डिजल तथा इलेक्ट्रिकल इन्जन, जुन यो पनि विश्वमा प्रदुषण बढाउनमा अनौठो भूमिका खेल्ने तत्व हो । पछिल्लो केही वर्ष यता एसियाभित्र जसरी लगातार प्रदुषणको मात्रा बढिरहेको छ, जसले कारण कार्बन उत्सर्जनमा ४.२ प्रतिशत हिस्सा ओगटेको छ । जुन बृद्धिमा उद्योगधन्दाहरु समावेश छन् ।

विश्वमा सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्ने देशमा चीन पर्दछ । जसले विश्वमा उत्सर्जन हुने कार्बनको करीब २७ प्रतिशत हिस्सा ओगट्दछ । चीनपछि अमेरिका दोस्रो स्थानमा छ । जसले कार्ब उत्सर्जनमा समग्रमा १५ प्रतिशत हिस्सा ओगटेको छ । जनसंख्या र भूगोलले हिसाबले पनि अगाडि रहेको भारत पनि कार्बन उत्सर्जनमा अगाडि छ । तथ्यांकअनुसार भारतले करिब आठ प्रतिशत हिस्सा ओगट्दछ ।

पेट्रोलियम पदार्थजन्य सामग्रीको प्रयोग मात्रै विश्वमा कार्बन उत्सर्जन गर्ने तत्व भने कदापी होइन । कार्बन उत्सर्जनमा आश्चर्य बनाउने अर्को तत्व हो- सूचना प्रविधि । जसले कार्बन उत्सर्जनमा सबैभन्दा ठूलो भूमिका रहेको छ ।

आज विश्वमा कोही यस्तो रहेको छैन, जो मोबाइल, इन्टरनेटको पहुँचमा नहोस् । एक सोधअनुसार एउटा इमेल १५.९ ग्राम कार्ब ग्यास उत्सर्जन गर्दछ । यो आश्चर्य जनाउको विषय भएपनि सत्य हो । खोज अनुसन्धानअनुसार एक व्यक्तिले प्रतिवर्ष लगभग १३६ किलोग्राम इमेल पठाइरहेको हुन्छ । ब्रिटेनमा भएको एक अध्ययनअनुसार यदि एक व्यक्तिले एक दिनमा एउटा मात्रै मेल कम गरिदियो भने प्रत्येक वर्ष १६,४३३ ग्राम कार्बन उत्सर्जन कम हुनसक्छ । हामी जसरी च्याट गर्छौं, त्यसले पनि कार्बन उत्सर्जन गरिरहेको हुन्छ ।

